# उच्च अदालत तुलसीपुर

## नेपालगञ्ज इजलास

०८१-५३१४६४
☎ ०८१-५२१४२६


पत्र संख्याः-०७८/७९ मितिः २०७९/०३/२८

चलानी नम्बर-

विषयः **सूचना। सूचना ।। सूचना ।।।**

यस अदालतमा मेलमिलापकर्ताको रुपमा आफ्नो नाम सूचीकृत गराउन चाहने मेलमिलाप सम्बन्धी तालिम प्राप्त गरेका व्यक्ति वा मेलमिलाप परिषद्‌बाट स्वीकृत प्राप्त गरेका मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र मेलमिलाप सम्बन्धी नियमावली (संशोधन सहित) २०७० को अनुसूची-२ बमोजिमको ढाँचामा देहायका कागजातहरुको प्रतिलिपी संलग्न राखी यस अदालतमा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै यस अदालतमा मेलमिलापकर्ताको रुपमा पहिले नै सूचीकृत भएका मेलमिलापकर्ताहरुले अद्यावधिकको लागि समेत यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र पुनः निवेदन दिनु हुन समेत जानकारी गराइन्छ । अन्यथा अद्यावधिकको लागि तोकिएको समय सीमा भित्र निवेदन दर्ता हुन नआएमा मेलमिलापकर्ताको सूचीबाट नाम हटाइने व्यहोरा समेत यसै सूचनाद्धारा सूचित गरिन्छ।

.....................

रजिष्ट्रार

<u>देहायः</u>

१. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी
२. शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपी
३. मेलमिलाप सम्बन्धी तालिमको प्रमाण-पत्रको प्रतिलिपी
४. मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाको हकमा परिषद्‌बाट मेलमिलाप सम्बन्धी कार्य गर्न दिएको स्वीकृतिको प्रतिलिपी
५. संस्थाको हकमा संस्था दर्ता तथा नविकरणको प्रमाण-पत्रको प्रतिलिपी
६. व्यक्ति भए मेलमिलापकर्ताको पासपोर्ट साइजको २ प्रति फोटो

नोटः- मेलमिलापकर्ताको सूची अद्यावधिक गर्ने व्यक्तिले निवेदनसाथ उल्लेखित कागजातहरुको प्रतिलिपी राख्न आवश्यक नपर्ने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।